nepalpostdaily.com

# नेपाल पोष्ट डेली

दैनिक

30°C । वर्ष : ११, अंक : ०६ पृष्ठ ४ । शनिबार,०७ भदौ २०८२ । SATURDAY, AUGUST 23, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## बीरगन्जमा निजी विद्यालय सञ्चालकहरूको शिक्षा विधेयकविरुद्ध प्रदर्शन

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०६ भदौ ।***



सरकारले ल्याएको शिक्षा विधेयक र नीतिको विरोधमा उत्रिएका निजी विद्यालय सञ्चालक तथा शिक्षकहरूले वीरगन्जम प्रदर्शन गरेका छन् । उनीहरूले राज्यको हस्तक्षेप र व्यक्तिगत सम्पत्ति हडप्ने प्रयासको कडा विरोध गर्दै आफ्ना मागहरू सार्वजनिक गरेका छन् । उनीहरूले आफूहरू शिक्षामा गरेको ६ खर्बभन्दा बढीको लगानीको क्षतिपूर्ति र ४ लाखभन्दा बढी कर्मचारी तथा शिक्षकको दायित्व सरकारले लिनुपर्ने माग गरेका छन् । प्रदर्शनका क्रममा वक्ताले सरकारले निजी विद्यालयलाई 'गैरनाफामूलक' भनेर आफ्नो व्यक्तिगत सम्पत्ति कब्जा गर्न खोजेको आरोप लगाए । उनले सरकारलाई निजी विद्यालयमा रहेको ठूलो लगानीको क्षतिपूर्ति दिन र त्यहाँ कार्यरत शिक्षक र कर्मचारीको भविष्यको जिम्मेवारी लिन चुनौती दिए । उनले निजी विद्यालयहरूले आफ्नो लगानी अन्य क्षेत्रमा स्थानान्तरण गर्न तयार रहेको तर व्यक्तिगत सम्पत्ति कब्जा गर्ने र सहमतिमाथि हस्तक्षेप गर्ने कुरा स्वीकार्य नभएको स्पष्ट पारे । निजी विद्यालयहरूले १० प्रतिशत छात्रवृत्ति दिइरहेको भए पनि सरकारले यसमा राजनीति गरिरहेको आरोप प्रदर्शनकारीहरूले लगाएका छन् । विभिन्न राजनीतिक दलका नेताहरूले निजी विद्यालयहरूबाट चन्दा माग्न बन्द गर्नुपर्ने माग गरे । उनले एक जना माननीयले चन्दा

बाँकी तेश्रो पृष्ठमा

## रोकिएन अमित ठेक्का पट्टाको अवैध असुली

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०६ भदौ ।***





वीरगंज महानगरपालिका-२२ जगरनाथपुर चोकस्थित ढाँटमा गैरकानुनी कर असुली भइरहेको खुलेको छ । महानगरपालिकाले "जडिबुटी, कबाडी तथा जीवजन्तु कर" संकलनको जिम्मा अमित ठेक्का पट्टालाई दिए पनि, ठेकदार कम्पनीले सम्झौता उल्लंघन गर्दै भारतीय मालवाहक सवारीसाधनबाट प्रतिगाडी ४-५ सय रुपैयाँ असुली गर्दै आएको स्थानीयले बताएका छन् । प्रत्यक्षदर्शीका अनुसार, ढाँटमा खटिएका कर्मचारीहरूले चालकलाई पर्ची नकटाई रकम तिर्न बाध्य पार्ने मात्र नभई, प्रतिरोध गर्नेहरूलाई कुटपिटसमेत गर्ने गरेका छन् । यसबारे स्थानीयले पटक-पटक विरोध गरे पनि सरोकारवाला निकाय मौन रहेको गुनासो छ । यस घटनाले नेपालको छविमै आघात पुगेको भन्दै स्थानीयवासी कानुनी उपचार खोज्ने तयारीमा छन् । यस विषयमा प्रतिक्रिया दिँदै वीरगंज महानगर प्रमुख राजेशमान सिंहले अवैध असुलीमा संलग्नहरूमाथि कडा कारबाही गर्ने चेतावनी दिएका छन् । उनले महानगरलाई यसबारे आधिकारिक जानकारी नभएको भए पनि तथ्य पुष्टि हुनेबित्तिकै कानुनी प्रक्रिया अघि बढाइने स्पष्ट पारेका छन् ।

## बीरगन्ज महानगरद्वारा छात्रवृत्ति प्रवेश परीक्षा सम्पन्न

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०६ भदौ ।***



आर्थिक रूपमा कमजोर र सामाजिक रूपमा पछाडि परेका विद्यार्थीहरूका लागि निजी विद्यालयमा पढ्ने सपना साकार पार्न वीरगन्ज महानगरपालिकाले एक महत्वपूर्ण कदम चालेको छ । शैक्षिक सत्र २०८२र०८३ को छात्रवृत्ति प्रवेश परीक्षा शुक्रबार सफलतापूर्वक सम्पन्न भएको छ । यो परीक्षाले योग्य र जेहेन्दार विद्यार्थीहरूलाई निजी विद्यालयमा निःशुल्क अध्ययन गर्ने अवसर प्रदान गर्नेछ ।

महानगरपालिकाले यस वर्ष कक्षा ९ र ११ मा छात्रवृत्ति उपलब्ध गराउन २,३०१ विद्यार्थीलाई आवेदन फाराम भर्न अवसर दिएको थियो । चारवटा परीक्षा केन्द्रमा शान्तिपूर्ण रूपमा सञ्चालित यो परीक्षामा २६८ जना विद्यार्थी अनुपस्थित रहे । यसको जानकारी दिँदै महानगरको शिक्षा महाशाखा प्रमुख आनन्द लामिछानेले भने, 'हाम्रो मुख्य उद्देश्य शिक्षामा समान अवसर सुनिश्चित गर्नु हो । यस परीक्षाले आर्थिक अभावका कारण पढाइ छोड्न बाध्य भएका विद्यार्थीहरूलाई ठूलो राहत दिनेछ ।' छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूले क्रमशः कक्षा १० र १२ सम्म यही सुविधा पाउनेछन् । वीरगन्ज महानगरपालिकाका उपमेयर इम्तियाज आलमका अनुसार, यस वर्ष कक्षा ९ का लागि ८० र कक्षा ११ का लागि ३८ निजी विद्यालयमा

बाँकी तेश्रो पृष्ठमा

## गौर हत्याकाण्ड : १८ वर्षपछि घाइते त्रिभुवन साहको रिटबाट खुल्यो अनुसन्धानको बाटो

***रौतहट,०६ भदौ ।***




२०६३ साल चैत ७ गते रौतहटको गौरस्थित राइस मिल मैदानमा माओवादी र मधेशी जनअधिकार फोरमबीच भएको भीषण झडपमा २७ माओवादी कार्यकर्ताको ज्यान गयो । ४२ जना घाइतेमध्येका एक, बौधीमाई-८ का त्रिभुवन साह अझै पनि शारीरिक रूपमा कमजोर छन् । ढाड र खुट्टामा चोट बोकेर बाँचेका साहले १८ वर्षदेखि न्याय खोज्दै दौडधुप गरेका छन् । यही साहको रिट निवेदनमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवसहित घटनामा संलग्न भनिएका १३० जनामाथि छानबिन अघि बढाउन परमादेश दिएको छ । न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको इजलासले गत सोमबार यो आदेश दिएको हो । साह भन्छन्, "त्यो दिन साथीहरू ढल्दै गर्दा म पनि बाँच्दिन कि भन्ने लागेको थियो । अहिले

बाँकी तेश्रो पृष्ठमा

## लिपुलेकबारे चुप लाग्न मिल्दैन : अध्यक्ष प्रभु साह

***काठमाडौं,०६ भदौ ।***



आम जनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले लिपुलेकमार्ग भएर भारत-चीनले व्यापारिक नाका सञ्चालन गर्न लागेको खबरबारे सरकारलाई संसद्मा स्पष्ट जानकारी दिन आग्रह गरेका छन् । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा बोल्दै साहले लिपुलेक, कालापानी र लिम्पियाधुरा नेपालको अविभाज्य भूमि भएको दोहोर्‍याउँदै यस्तो संवेदनशील विषयमा चुप लागेर बस्न नहुने बताए । उनले प्रश्न उठाए, "नेपालले दुवै मुलुकलाई कूटनीतिक नोट पठाइसकेको अवस्थामा यस्तो समाचार किन बाहिर आयो? हाम्रा राजदूतहरू के गरेर बसेका छन्?" साहले राजदूत नियुक्तिमा आसेपासे,

बाँकी तेश्रो पृष्ठमा

## नागरिकता विधेयक राष्ट्रियसभाबाट सर्वसम्मत पारित

***काठमाडौं,०६ भदौ ।***

नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक शुक्रबार बसेको राष्ट्रियसभाको बैठकबाट सर्वसम्मत रूपमा पारित भएको छ । यो विधेयक यसअघि प्रतिनिधिसभाबाट पारित भई राष्ट्रियसभामा पुगेको थियो । राष्ट्रियसभाबाट पारित भएको विधेयक अब पुनः प्रमाणीकरणका लागि प्रतिनिधिसभामा फर्काइनेछ । त्यसपछि राष्ट्रपतिबाट प्रमाणीकरण भएर लागू हुनेछ । **आमाको नाममा सर्तसहित नागरिकता** यस संशोधन विधेयकको मुख्य विशेषता भनेको आमाको नाममा सन्तानलाई सर्तसहित नागरिकता दिने व्यवस्था गर्नु हो । अब, बाबुको विवरण नखुलेको अवस्थामा पनि आमाको नागरिकता प्रमाणपत्रका आधारमा सन्तानलाई नागरिकता दिन सकिने व्यवस्था यस विधेयकमा गरिएको छ । तर, यसका लागि निर्धारित प्रक्रिया र सर्तहरू पूरा गर्नुपर्नेछ, जसको विस्तृत कार्यान्वयन नियमावली सरकारद्वारा तय गरिनेछ । नागरिकता विधेयक लामो समयदेखि विवादित र चर्चाको विषय रहँदै आएको छ ।

आमाको नामबाट नागरिकता दिने विषयमा राजनीतिक दलहरूबीच मतभेद रहँदै आएको थियो । तर, द्वैध नागरिकता र पहिचानका विषयमा देखिएको संवेदनशीलतालाई ध्यानमा राख्दै अन्ततः विधेयक सर्वसम्मत रूपमा पारित गरिएको हो ।

इ-सिगरेट प्रयोग नगरौं, सुरक्षित र स्वस्थ्य रहौं ।

**इलेक्ट्रोनिक सिगरेट वा भेपिङ्ग पनि चुरोट वा अन्य सुर्तीजन्य पदार्थ जस्तै स्वास्थ्यको लागि हानिकारक हुन्छ**

**त्यसैले:**

- इ-सिगरेटले निकोटिनको लत बढाउँछ,
- यसले फोक्सोको रोगका साथै स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ,
- धेरैजसो इ-सिगरेटमा विषालु रसायनहरू हुन्छन्,
- इ-सिगरेट सुरक्षित विकल्प नभई स्वास्थ्यका लागि हानिकारक हुन्छ,
- स्वस्थ जीवनका लागि धूम्रपान र इ-सिगरेट दुवैबाट टाढा बसौं,

**स्वस्थ बनौं हानिकारक वस्तुबाट टाढै रहौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## पर्सामा धान उत्पादन करिब २० प्रतिशत घट्ने अनुमान

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०६ भदौ ।***

मधेस प्रदेशको पर्सा जिल्लामा लामो समयसम्म परेको खडेरी र ढिलोगरी सुरू भएको वर्षाका कारण यस वर्ष धान उत्पादन करिब २० प्रतिशतले घट्ने अनुमान गरिएको छ । कृषि ज्ञान केन्द्र पर्साका सूचना अधिकारी तथा बाली संरक्षण अधिकृत उमेश थापाका अनुसार ढिलोगरी रोपाइँ हुनु र खेतमा पानीको अभाव हुनु उत्पादन घट्नुको मुख्य कारण हो । "धानको खेतमा निरन्तर पानी आवश्यक हुन्छ, तर यस वर्ष लामो समयको सुक्खा र ढिलोगरी गरिएको रोपाइँले उत्पादनमा नकारात्मक असर पारेको छ," उनले बताए । थापाका अनुसार, ढिलोगरी गरिएको रोपाइँ र खेत चिरिनुका कारण 'ब्लाष्ट' जस्ता रोग फैलिने जोखिम उच्च छ, जसले उत्पादकत्वमा थप गिरावट ल्याउन सक्छ । कृषि ज्ञान केन्द्रका

बाँकी तेश्रो पृष्ठमा

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगन्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा



Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## थप सक्रियता आवश्यक

संघीयता कार्यान्वयनसँग सम्बन्धित महत्वपूर्ण दुई विधेयक अगाडि बढेका छन् । बिहीबार संसदीय समिति शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट पास भएर संसदीय प्रक्रियामा अघि बढेको विद्यालय शिक्षासम्बन्धी विधेयकले पञ्चायतकालीन शिक्षा ऐन २०२८ लाई प्रतिस्थापन गर्नेछ । यो विधेयक प्रतिनिधि सभाअन्तर्गतका शिक्षामा स्थानीय तह, प्रदेश र संघको भूमिका तय गर्नेछ । बिहीबार नै शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट पास भएर अगाडि बढेको भूमिसम्बन्धी केही नेपाल ऐनले भूमिहीन दलित र भूमिहीन सुकुम्वासीलाई जग्गा दिने भनेको छ । अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने उद्देश्य प्रस्तावित विधेयकको छ । यी दुवै विधेयक संविधान कार्यान्वयनसँग सम्बन्धित विधेयक हुन् । संविधानमै भूमिहीन दलितका लागि एकपटक जग्गा दिने विषय उल्लेख छ । तर संविधान जारी भएको १० वर्ष भइसक्दा समेत यो प्रावधान लागू भएको छैन । यसबेला संसदीय समितिबाट पास भएका दुवै विधेयकले नेपालको संविधानको कार्यान्वयन गर्नुका साथै राज्यप्रति सीमान्तकृत समुदायको अपनत्व विकास गर्न मद्दत गर्नेछ । संविधानमा नै 'संविधान जारी भएको १० वर्षपछि समीक्षा गर्ने' भनिएको छ । यो प्रावधानअनुसार संविधानको समीक्षा गर्ने र आवश्यक संशोधनका लागि प्रक्रिया अगाडि बढाउने भनेर १७ असार २०८१ मा संसदको दुई ठुला दल नेपाली कांग्रेस र नेकपा एमालेले सातबुँदे समझदारी गरेका थिए । सो समझदारीको कार्यान्वयन हुन नसकेको भनेर सार्वजनिक रूपमा प्रश्न उठिरहेका बेला दुईवटा महत्वपूर्ण विधेयक संसदीय प्रक्रियामा अगाडि बढेका हुन् । यसले संविधान कार्यान्वयनका लागि सहयोग नै पुऱ्याउनेछ ।

तर संविधान जारी भएको १० वर्षसम्म किन संविधानका महत्वपूर्ण व्यवस्था कार्यान्वयन हुन सकेनन् ? राजनीतिक संघीयता २०७४ मा चुनाव भएपछि नै कार्यान्वयनमा आयो । तर प्रशासनिक संघीयता कार्यान्वयनमा आउन सकेको छैन । यद्यपि संघीय निजामती सेवा विधेयक प्रतिनिधि सभाबाट राष्ट्रिय सभामा पुगेको छ । अब संघीयता कार्यान्वयनको मर्मअनुसार प्रहरी प्रशासनको विकेन्द्रीकरणमा राज्यको ध्यान जान आवश्यक छ । सरकार भएर काम गर्न चाहिने न्यूनतम अधिकार भनेको कर्मचारी, प्रहरी र प्राकृति साधन स्रोतको उपयोग हो । यसमा ख्याल गर्दा मात्रै संघीयताको असली कार्यान्वयन सुरु हुन्छ । यसकारण संघीयताको असली कार्यान्वयन सुरु नभएकै कारणले उठेका प्रश्नहरूको जवाफ दिनेगरी सरकारको थप सक्रियता आवश्यक छ ।

# निजामती सेवाको पुन:संरचना

**जेबी विश्वकर्मा**

प्रतिनिधिसभाबाट निजामती सेवा विधेयक निकै रस्साकस्सीबीच पारित भयो । निजामती कर्मचारी वा अन्य सरकारी सेवामा राजीनामा दिएको वा सेवाबाट अवकास भएपछि कम्तीमा दुई वर्ष कुनै पनि संवैधानिक र सरकारी नियुक्ति नपाउने गरी राज्य व्यवस्था समितिमा सहमति गरिएको थियो । तर, दुई वर्षको 'कुलिङ अफ पिरियड' संसद्बाट पारित हुँदा विशिष्ट वा प्रथम श्रेणीबाट अवकास हुने कर्मचारीले संवैधानिक वा कूटनीतिक तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति 'बाहेक' को पदमा नियुक्ति लिन नपाइने व्यवस्थासहित विधेयक प्रतिनिधिसभाबाट पारित भयो । यो 'बाहेक' शब्दले सहसचिव र सचिवलाई संवैधानिक र कूटनीतिक वा अन्य सरकारी नियुक्तिका लागि 'कुलिङ अफ पिरियड' लागू नहुने भयो । त्यसैले संसद्लाई झुक्याएर गरिएको बदमासीका कारण राज्यव्यवस्था समितिका सभापति रामहरि खतिवडाले पदबाट राजीनामा दिनुपऱ्यो । यो विधेयकमाथि राष्ट्रिय सभामा छलफल भइरहेको छ । तर, संसदीय छलफलले निजामती कर्मचारीको पुन:संरचनाको सवाललाई बेवास्ता गरिएको छ । लोकतान्त्रिक देशमा निजामती कर्मचारीलाई स्थायी सरकारका रूपमा लिइन्छ । निर्वाचनबाट सरकारमा पुग्ने राजनीतिक नेतृत्व र पार्टी फेरबदल भइरहन्छ । फरक नेतृत्व वा पार्टी सरकारमा पुग्दा उनीहरूका प्राथमिकता, नीति र योजना फरक हुन सक्छन् । तर, कार्यपालिकाको मुख्य अंगका रूपमा रहेको कर्मचारीतन्त्रले नै स्थायी सत्ताको सञ्चालन गरिरहेको हुन्छ । त्यसैले कुनै समाज वा देशको उन्नति, विकास



र प्रगति हुनु वा नहुनुमा राजनीतिक नेतृत्व मात्रै होइन, कर्मचारीतन्त्रको पनि निकै महत्त्वपूर्ण भूमिका हुने गर्दछ । राज्यको रूपान्तरणको मुख्य एजेन्ट कर्मचारी संयन्त्र हो, त्यसैले कर्मचारीतन्त्र कतिको जिम्मेवार, जवाफदेही, पारदर्शी र जनपक्षीय छन् भन्ने कुराले नै सामाजिक-आर्थिक रूपान्तरण वा प्रगतिलाई प्रभाव पार्छ । स्वाभाविक रूपमा देशको प्रगति वा दुर्गतिका मुख्य जिम्मेवार राजनीतिक नेतृत्व नै हुन् तथापि राज्यकै सेवासुविधामा स्थायी सत्ताको बागडोर सम्हाल्ने कर्मचारीतन्त्र पनि उत्तिकै जिम्मेवार हुन्छन् । **सुशासनको नारा र कर्मचारीतन्त्र** सुशासन र समृद्धि सबैजसो राजनीतिक नेतृत्वको थेगो बनेको छ । यी विषयवस्तु सबैजसो नेताको भाषणको अनिवार्य विषयवस्तु बन्ने गरेका छन् । तर, व्यवहारमा नेपाली जनता कुशासन र भ्रष्टाचारको जालोमा फस्न बाध्य छन् । सन् २०२३ मा बेलायतको प्रोस्पेरेटी इन्स्टिच्युटले १६७ देशमा गरेको अध्ययनअनुसार समृद्धिको सूचीमा नेपाल ११० औं स्थानमा छ । अर्कोतिर, नेपालमा चरम भ्रष्टाचार हुँदै आएको छ । सन् २०२५ को ट्रान्सपरेन्सी इन्टनरनेसनलको भ्रष्टाचारसम्बन्धी सूचीमा १८० देशमध्ये नेपाल १०७ औं स्थानमा छ । यिनै तथ्यांकले पुष्टि गर्छन् कि सुशासन र समृद्धिको नारा व्यवहारमा असफल भइसकेको छ । आर्थिक रूपमा नेपाल सरकार निकै ठूलो आन्तरिक र बाह्य ऋणमा डुबेको छ । वैदिशक ऋण मात्रै झन्डै १४ खर्ब छ जब कि नेपाल सरकारको आव. २०८२/८३ को वार्षिक बजेट १९ खर्ब ६४ अर्ब ११ करोड छ । अर्कोतिर, रेमिट्यान्स नेपालको अर्थतन्त्रको एउटा महत्त्वपूर्ण स्रोत हो । नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा करिब २६ प्रतिशत योगदान रेमिट्यान्सको छ । नेपालका लाखौं जनशक्ति विदेश गएर कठिन श्रम गरेर रेमिट्यान्स पठाइरहेका छन् । तर, तिनै रेमिट्यान्स, वैदेशिक ऋण र अनुदानको रकमबाट समेत अनियन्त्रित ठूला-ठूला भ्रष्टाचार भइरहेका छन् । मूलत: बिचौलिया, राजनीतिक नेतृत्व र प्राय:जसो निर्णायक भूमिकामा रहेका कर्मचारीकै मिलेमतोमा त्यस्ता भ्रष्टाचारका काण्ड हुने गरेका छन् । निजामती सेवा विधेयकमाथिको संसदीय बहसमा कर्मचारीतन्त्रभित्र मौलाइरहेको ठूला भ्रष्टाचार र यसको अन्त्यको सवालले प्राथमिकता पाउनुपर्थ्यो । यो विषयमा संसद्मा खासै बहस र चर्चा भइरहेको छैन । राज्यको कानुन, नीति र कार्यक्रमको जिम्मेवारीपूर्वक कार्यान्वयन गर्नु निजामती कर्मचारीको भूमिका हो । जनताको अधिकारको अभ्यासका लागि सहजीकरण गर्ने र उनीहरूका अपेक्षा र आवश्यकतालाई सम्बोधन गराउन राज्यलाई नीतिगत सहयोग गर्ने जिम्मेवारी पनि कर्मचारीतन्त्रको हो । स्वाभाविक रूपमा जिम्मेवार, जनउत्तरदायी र वास्तवमै सेवकको रूपमा क्रियाशील कर्मचारीतन्त्रबाट जनताले सेवा पनि पाइरहेका छन् । तर, कर्मचारीतन्त्रको आम प्रवृत्ति हेर्ने हो भने भनसुन, बिचौलियाको सहायता र आर्थिक लेनदेनबिना जनताले सहजै सेवा र सुविधाको उपभोग गर्न पाउँदैनन् । यसले राज्यको सुशासनको नाराको खिल्ली मात्रै उडाउँदैन, सरकारप्रति जनताको आक्रोश र अविश्वाससमेत बढाउँछ । नेपालमा विकासका आयोजना अत्याधिक भ्रष्टाचार हुने गरेका छन् । विकासका कार्यक्रम हेर्ने स्थानीय तहदेखि केन्द्रसम्मका सरकारी कार्यालयको गहिरो अध्ययन गर्ने हो भने अधिकांश कार्यालयमा भ्रष्टाचारको जालो फैलिएको सहजै देखिन्छ । डीपीआरकर्ताको छनोटदेखि, ठेक्कापट्टा, खरिद प्रक्रिया र आयोजना सम्पन्न गर्दा हुने अनुगमनमा समेत साना-ठूला आर्थिक लेनदेनका घटना हुने गर्छन् । कतिपय स्थानमा त बजेट आउनुअगाडि नै ठेकेदारसँग लेनदेन गरी अयोजनाको बजेट विनियोजन गरिएको समेत घटना बाहिर आउने गरेका छन् । अझ धेरै कारोबार हुने भन्सार, मालपोत, यातायातजस्ता कार्यालयमा लाखौं

बाँकी तेश्रो पृष्ठमा

# पितृसत्तात्मक मानसिकताको जगजगी

**नीलम शर्मा**

केही समययता एकपछि अर्को गरी विषयहरू हाम्राअगाडि असरल्ल छरिएका छन्, खासगरी महिला, बालबालिका र सीमान्तकृत समुदायलाई प्रत्यक्ष असर पुऱ्याउने मुद्दाहरू चर्चाको केन्द्रमा छन् । कुनै एउटा विषयमाथि घोत्लिन र के हो भनेर बुझ्न नपाउँदै अर्को विषय हुरीबतास जसरी आउँछ र समाजलाई तरंगित गर्छ । मानिसका विचार सामाजिक सञ्जालमार्फत पक्ष र विपक्षमा बाँडिइन्छन् । यस्ता विषय प्राय: नागरिकका संविधानप्रदत्त अधिकार, खासगरी महिला अधिकारलाई संकुचित पार्ने उद्देश्यका साथ आउनुले चिन्ता निम्त्याएको छ । कानुन परिवर्तनका लागि भनेर उठाइएका यस्ता विषय समग्र महिला एवं पछाडि पारिएका वर्गको उपस्थितिलाई होच्याउने, प्राप्त उपलब्धिको अपहेलना गर्ने, असंवेदनशील र अपमानजनक छन् । गणतन्त्र आएको यतिका समय हुँदा पनि नेपाली महिला भने आफ्ना अन्य सबै कार्यतालिकालाई एकातिर राखेर फेरि तिनै पश्चगामी प्रवृत्तिसँग लड्नभिड्न सडक र सदनमा संघर्षरत छन् । जनसंख्यासम्बन्धी नीतिलाई लिएर केही समयअगाडि प्रधानमन्त्रीले महिलाले बेलैमा तीन सन्तान जन्माउनुपर्ने धारणा सार्वजनिक गर्नुभयो । देशमा जनसंख्याको चाप घट्दै गएको सन्दर्भमा जनसंख्या कसरी सन्तुलित राख्ने भन्ने विषय गम्भीर हो । तर, यति गम्भीर विषयमा जति हल्का टिप्पणी प्रधानमन्त्रीले गर्नुभयो, के त्यो न्यायसंगत, महिलाको प्रजनन अधिकार र आत्मसम्मानलाई सम्मान गर्ने खालको थियो त ? नेपालमा औसतमा प्रत्येक दिन दुई जनाको मातृमृत्यु हुने गरेको र त्यसको पाँच प्रतिशत गर्भपतनको जटिलताका कारण हुने गरेको अध्ययनले देखाएको छ । प्रधानमन्त्रीले महिलालाई तीन सन्तान जन्माउने सुझाव दिइरहँदा संविधानप्रदत्त महिला हकको संरक्षण, महिलाले सुरक्षित, इच्छाएको समय र इच्छाएको संख्यामा सन्तान जन्माउने अधिकारको सुनिश्चितताका बारेमा कति ध्यान दिनुभएको थियो ? नेपालको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन, २०७५ ले स्पष्ट रूपमा महिलाले कति बच्चा जन्माउने भन्ने कुराको निर्णय गर्ने अधिकार महिला स्वयंलाई दिएको छ । यस्ता अभिव्यक्तिले महिला सन्तान जन्माउने मेसिन भएको र विवाहलाई सन्तान उत्पादन गर्ने प्रक्रियाभन्दा पृथक् र बहुआयामिक दृष्टिकोणले हेर्न नसकेको देखाउँछ । महिला लक्षित यस्ता अभिव्यक्ति स्त्रीद्वेषी र अपमानजनक हुन् । सरकार विवाहको उमेरलाई २० वर्षबाट घटाएर १८ वर्षमा ल्याउन रोमियो जुलियट कानुनको अनुसरण गर्दै वर्तमान कानुन संशोधन गर्ने तयारीमा जुटेको समाचार छ । नीति निर्माताका अनुसार अहिलेको विवाहको न्यूनतम उमेर हाम्रो परिप्रेक्ष्य, खासगरी मधेश र कर्णालीलाई लिएर उपयुक्त भएन भन्ने छ । यसले बलात्कारलाई बढाएको, नागरिकताको उमेर, भोट हाल्ने उमेर र विवाह गर्ने उमेरबीच तालमेल नमिलेको, सानै उमेरमा यौनसम्पर्क राख्नाले गर्भ रहेको, त्यस्ता बालबालिकाको जन्मदर्ता आदिमा समस्या रहेको र धेरै दलित युवाले यसैकारण जेलमा बस्नुपरेको आदि कारण छन् । तर यहाँनिर नीति निर्माताले बुझ्न वा बुझाउन नसकेको कुरा के भने यौनसम्बन्ध र विवाह एउटै कुरा हो र ? फेरि नेपालको नागरिक हुन पाउनु र विवाहको उमेर तय हुनु कसरी एउटै विषय भयो ? अहिलेको समाजमा बालबालिकाको शारीरिक विकास तुलनात्मक रूपमा चाँडै हुने, आकर्षण बढ्ने, भावनात्मक रूपमा परिपक्व र सुरक्षित शारीरिक सम्बन्धको पर्याप्त सूचना नहुँदै शारीरिक सम्पर्क राख्ने जोखिम रहने सबै कुरा सही हुन् । यद्यापि, यी समस्याले निम्त्याउने जटिलताको समाधान विवाह कसरी हुन सक्छ ? सानै उमेरमा विवाह गरेर बच्चा जन्माउँदा महिलाको प्रजनन स्वास्थ्यमा पर्ने असर, बालबालिकाले सामाजिक, आर्थिक, भावनात्मक र अन्य धेरै कुराले परिपक्व नहुँदै गरेको विवाहले जन्माउने अन्य धेरै समस्यालाई कसरी समाधान गर्ने सोचिएको छ ? यौन शिक्षा, प्रजनन शिक्षा, परिवार निर्माण, आर्थिक स्वावलम्बनजस्ता विषयमा सरकारका योजना के छन् ? जातीय विभेदका कारण बदलापूर्ण ढंगले धेरै दलित युवा र बालकलाई जेलमा राखिएकामा सानो उमेरमा विवाह गर्दा त्यो समस्या कसरी समाधान हुन्छ ? जातीय विभेदलाई समाज र परिवारको स्तरमै अन्त्य गर्न राज्यका योजना के छन् ? कतै कुनै जवाफ छैन । पर्याप्त अध्ययन र विश्लेषण नगरी हचुवा र भावनात्मक आवेगको भरमा परिवर्तन गर्न खोजिएका यस्ता कानुनले समस्याको समाधान होइन कि थप जटिलता निम्त्याउने निश्चित छ । पछिल्लो समयको सारै निर्लज्ज र अपमानजनक फेरहिस्तका रूपमा बहुविवाहसम्बन्धी कानुन संशोधन प्रस्तावलाई लिन सकिन्छ । व्यापक विरोधपश्चात् सरकार यसबारेमा केही हच्किएको संकेत त दिएको छ तर अझै समिति बनाएर अध्ययन गर्ने भन्ने छ । कानुनी मान्यता नपाएका बालबालिकाको विचल्लीका कारण तिनको हितलाई ध्यान दिई ल्याउन लागिएको भनिएको यस कानुनको आधार अत्यन्त निर्लज्ज र पुरुषवादी चिन्तनबाट अभिप्रेरित र असभ्य छ । यसले महिला भनेका वस्तु हुन्, उनीहरू स्वयंको अस्तित्व पुरुषको भन्दा तल्लो दर्जाको हुन्छ र पुरुष नै महिलाका मालिक हुन् भन्ने निकृष्ट मानसिकतालाई निरन्तरता दिएको छ । यसले समग्र महिलाको आत्मसम्मानमा गहिरो ठेस पुऱ्याएको मात्र होइन कि कानुन निर्माण नै परिवर्तनका अन्तिम सूचक होइनन् भन्ने पुन: पुष्टि गरेको छ । नेपाल प्रहरीको एक तथ्यांकअनुसार गएको एक वर्षमा देशभरमा दर्ता गरिएका केसमा २ हजार ५ सय ७ बलात्कारका, ५४

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकामा कागजातविहीन आप्रवासी झन्डै डेढ करोड

**काठमाडौं,०६ भदौ ।**



अमेरिकामा अवैध रूपमा बसोबास गर्नेहरूको संख्या हालसम्मकै उच्च रहेको प्यु रिसर्च सेन्टर (पीआरसी) ले जनाएको छ । पीआरसीले बिहीबार सार्वजनिक गरेको तथ्यांकअनुसार, २०२३ मा उक्त संख्या १ करोड ४० लाख पुगेको छ । जुन २०२२ को भन्दा २२ लाखले बढी हो । यसअघि २००७ मा अवैध आप्रवासीको संख्या १ करोड २२ लाखसम्म पुगेको पीआरसीको रिपोर्टमा उल्लेख छ । पछिल्लो समय आप्रवासीको संख्यामा उल्लेख्य वृद्धि हुनुमा पछिल्लो समय झन्डै ६० लाख जना कुनै न कुनै प्रकारको कानुनी संरक्षणमा अमेरिका जानुलाई मानिएको छ । तर, राष्ट्रपति डोनाल्ड ट्रम्पले गत जनवरीमा पदभार सम्हालेपछि भने उनी अवैध आप्रवासीप्रति निर्मम हुँदै धेरैजसो यस्ता संरक्षणका प्रावधानहरू हटाएका छन् । पीआरसीको प्रतिवेदनले २०२४ मा पनि अवैध आप्रवासीको संख्या बढेको प्रारम्भिक तथ्यांक देखाएको छ, यद्यपि तत्कालीन राष्ट्रपति जो बाइडेनले गत जुनमा सीमामा शरण नीतिलाई कडा गरेपछि वृद्धिदर सुस्त भएको थियो । अमेरिकामा मेक्सिकोपछि ग्वाटेमाला, एल साल्भाडोर र भारतबाट सबैभन्दा धेरै अवैध आप्रवासी बसोबास गर्दै आएका छन् । भेनेजुएला, क्युबा, कोलम्बिया, निकारागुआ, इक्वेडर, युक्रेन र पेरुबाट आएकाहरूको संख्या पछिल्लो दुई वर्षमा दोब्बरभन्दा बढी भएको बताइएको छ । राष्ट्रपति ट्रम्पले गत मार्चमा संसद्मा दिएको सम्बोधनमा पनि विगत चार वर्षमा २ करोड १० लाख मानिस अमेरिका भित्रिएको दाबी गरेका थिए । 'फेडेरेसन फर अमेरिकन इमिग्रेसन रिफर्म' ले पनि मार्चमा १ करोड ८६ लाख आप्रवासी रहेको अनुमान गरेको थियो । आप्रवासन नियन्त्रणको पक्षमा रहेको 'सेन्टर फर इमिग्रेसन स्टडिज' ले गत महिना १ करोड ४२ लाख अवैध आप्रवासी रहेको उल्लेख गर्दै गत जनवरीमा १ करोड ५८ लाखको उच्च बिन्दुबाट घटेको उल्लेख गरेको छ । गृह सुरक्षा सचिव क्रिस्टी नोमले पछिल्लो ६ महिनामा १६ लाखले कमी आएको दाबी गर्दै यसलाई 'ठूलो उपलब्धि' भनेकी छन् । गृह सुरक्षा विभागको कार्यालयले २०२२ मा १ करोड १० लाख अवैध आप्रवासी रहेको अनुमान गरेको थियो भने 'सेन्टर फर माइग्रेसन स्टडिज' ले १ करोड २२ लाखको तथ्यांक पेस गरेको थियो । २०२३ मा अवैध आप्रवासीमध्ये सबैभन्दा ठूलो संख्यामा ४३ लाख मेक्सिकन रहेको बताइएको छ भने अन्य देशहरूबाट आएकाहरूको संख्या ९७ लाख छ । क्यालिफोर्निया, टेक्सास, फ्लोरिडा, न्युयोर्क, न्युजर्सी र इलिनोइसमा अवैध आप्रवासीको संख्या सबैभन्दा धेरै छ । एरिजोना, क्यालिफोर्निया, नेभाडा, न्यु मेक्सिको, न्युयोर्क र ओरेगनमा २००७ को तुलनामा २०२३ मा अवैध आप्रवासीको संख्या कम रहेको तथ्यांकले जनाएको छ ।

## हमासले सर्त नमाने गाजा ध्वस्त गर्छौं : इजरायली रक्षामन्त्री

**काठमाडौं,०६ भदौ ।**

इजरायलका रक्षामन्त्री इजरायल काट्जले सशस्त्र समूह हमास हतियार बिसाएर सबै बन्धकहरू रिहा गर्न सहमत नभए गाजा सहर तहस-नहस गरिदिने चेतावनी दिएका छन् । इजरायली मन्त्रिपरिषद्ले अन्तर्राष्ट्रिय र घरेलु विरोधका बीच गाजा सहर कब्जा गर्ने योजनालाई अनुमति दिएपछि काट्जको चेतावनी सार्वजनिक भएको हो । रक्षामन्त्री काट्जले भनेका छन्, 'यदि हमास सहमत भएन भने गाजालाई पनि राफा र बेत हनुनजस्तै खण्डहर बन्ने छ ।' इजरायली सैन्य अभियानका कारण दुवै सहरहरू लगभग पूर्णरूपमा ध्वस्त भइसकेको छ । सशस्त्र समूह हमासले गत सोमवार कतार र मिस्रको मध्यस्थताबाट तयार गरिएको ६० दिने युद्धविराम प्रस्ताव स्वीकार गरेको थियो । उक्त प्रस्तावमा गाजामा बन्धक बनाइएकाहरूमध्ये आधालाई रिहाइ गर्नुपर्ने सर्त समावेश छ । यद्यपि, इजरायली प्रधानमन्त्री बिन्जामिन नेतन्याहुले बन्धकहरूका रिहाइका साथै 'इजरायललाई स्वीकार्य सर्त' मा गाजा युद्ध समाप्त गर्नका लागि वार्ताको निर्देशन दिएका छन् ।

गत महिना नेतन्याहुले युद्धविराम र बन्धक रिहाइका लागि भएको अप्रत्यक्ष वार्ता विफल भएपछि गाजा सहर नियन्त्रणको नयाँ योजनाको घोषणा गरेका थिए । -बीबीसीबाट

## श्रीलंकाका पूर्वराष्ट्रपति पक्राउ

**काठमाडौं,०६ भदौ ।**



श्रीलंकाका पूर्वराष्ट्रपति रनिल विक्रमासिंघे पक्राउ परेका छन् । सीआईडी पनि भनिने क्रिमिनल इन्भेस्टिगेसन डिपार्टमेन्टले उनलाई पक्राउ गरेको हिन्दुस्तान टाइम्सले उल्लेख गरेको छ । सरकारी अनुसन्धान अधिकारीहरुले सन् २०२३ मा लन्डनस्थित युनिभर्सिटी अफ उल्भरह्याम्प्टनमा प्रोफेसर समेत रहेकी श्रीमती मैथ्री विक्रमासिंघेको दिक्षान्त समारोहमा भाग लिन जादा सरकारी कोषको दुरुपयोग गरेर भ्रमण खर्च गरेको आरोप उनीमाथी लागेको छ । ७६ वर्षीय बिक्रमासिंघे पक्राउको घटनाबारे प्रहरीले आधिकारिक रूपमा नबताएको र विक्रमासिंघेको कार्यालयले पनि यसबारे प्रतिक्रिया दिन नमानेको रोयटर्सलाई उद्धत गर्दै फाइनान्सियल टाइम्सले उल्लेख गरेको छ । श्रीलंकाली संचारमाध्यमले भने उनलाइ हिर ।सतमा लिइएपछि चार घन्टा भन्दा लामो बयान लिएको उल्लेख गरेका छन् । पेसाले कानुन व्यवसायीसमेत रहेका उनी श्रीलंकामा ६ पटक प्रधानमन्त्री भएका थिए । २९ वर्षको उमेरमै सन् १९७८ मा युवा मन्त्री भएका बिक्रमासिंघेले जीवनभर कहिल्यै पछाडी फर्केर हेर्नुपरेन् । सन् १९९४ मा त उनी संयुक्त राष्ट्रिय पार्टीको प्रमुख नै भइसकेका थिए ।


गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**कलैया, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको कार्यालय, पर्सा


## निजामती सेवाको पुन.......

नागरिक अनावश्यक घूस तिर्न बाध्य छन् । यी सबै गतिविधिमा निजामती कर्मचारीको एउटा हिस्साको प्रत्यक्ष संलग्नता हुने गरेको तथ्य राजनीतिक नेतृत्व, कर्मचारी प्रशासन र सचेत नागरिकलाई थाहा छ । जनताको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव पार्ने यस्ता गम्भीर सवाल निजामती सेवा विधेयकको संसदीय छलफलमा कहीँकतै परेको देखिएन । निजामती सेवाकै विधेयकमाथि छलफल हुँदा यति गम्भीर विषयलाई जनप्रतिनिधिले किन नजरअन्दाज गरिरहेको हो ? निजामती विधेयकमाथि छलफल हुँदा यस्ता महत्त्वपूर्ण सवालले प्राथमिकता नपाउनु कर्मचारी संयन्त्रमा भइरहेको भ्रष्टाचार, अनियमितता र घूसतन्त्रलाई बचाउन टेवा पुऱ्याउनु नै हो, जुन जनताको अपेक्षाविपरीत छ । नतावाद र कृपावाद नेपाली राज्यको मूल चरित्र नै हो । साभार ईकान्तिपुर ।

## पितृसत्तात्मक मानसि.........

वटा अपहरणपछि बलात्कारका, ६ सय ५३ बहुविवाहका, १६ हजार ४ सय १६ घरेलु हिंसाका, ८१ वटा घरेलु हिंसापश्चात् हत्याका, १ सय ६६ मानव बेचबिखनका, २३ वटा बोक्सीको आरोपका छन् । नेपाल प्रहरीकै तथ्यांकअनुसार यौनहिंसाका ३ हजार ४ सय ४१ घटना दर्ता छन्, जसमा ४ सय ५१ आरोपित परिवारका सदस्य छन् ।

यसरी हिंसामा पर्नेमा सबैभन्दा ठूलो संख्या ११ देखि १४ वर्षका बालिका (७७७) रहेका छन् भने पीडकको संख्यामा उच्च संख्या १९ देखि २५ वर्षका पुरुष (१२८१ जना) रहेका छन् । यसमा नीति निर्माता, प्रशासक र राजनीतिक नेतृत्वको ध्यान गएको छ कि छैन होला ? यदि छ भने कुन कुन कानुन कहाँ कहाँ सुधार हुँदै छन् वा यी तथ्यांकको विश्लेषण, सम्बोधनका प्रयास कहाँ कहाँ भइरहेका छन् ? यो प्रश्न सम्बन्धित सबैलाई र तपाईं पाठकका लागि पनि हो । त्यतिले नपुगेर सरकार स्वयंले भ्रष्टाचार, यातना, जबर्जस्ती करणी, हत्या, विस्फोटक पदार्थ, अपहरण, शरीर बन्धक वा व्यक्ति बेपत्ता, मानव बेचबिखन तथा ओसारपसार, सम्पत्ति शुद्धिकरण र तीन वर्षभन्दा बढी कैद सजाय हुने लागूऔषध ओसारपसार वा कारोवारजस्ता ११ प्रकारका जघन्य अपराधका कसूरमा दोषी ठहर भएका व्यक्तिलाई आममाफी दिन कानुनबाटै उक्त सूची र प्रावधान हटाएर संशोधन गर्न खोज्दै छ भन्ने समाचार पनि बाहिरिएको छ । साभार ईकान्तिपुर ।

## पर्सामा धान उत्पादन..........

तथ्यांकअनुसार, पर्सामा कुल ३७ हजार ७३१ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने क्षेत्रमध्ये हालसम्म ९८ प्रतिशत रोपाइँ सकिएको छ । गत वर्ष जिल्लामा करिब २ लाख ३३ हजार मेट्रिकटन धान उत्पादन भएको थियो ।

## बीरगञ्जमा निजी................

दिने हो भने पूर्ण छात्रवृत्ति किन नदिने भनेर प्रश्न गरेको उल्लेख गर्दै, पहिले चन्दा माग्न बन्द गरेपछि मात्रै यस्ता कुरा गर्न आग्रह गरे । हाल दिइँदै आएको १० प्रतिशत छात्रवृत्ति पनि वास्तविक लक्षित समूहसम्म नपुगेको आरोप प्रदर्शनकारीहरूले लगाएका छन् । उनीहरूका अनुसार, यो छात्रवृत्ति राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले आफ्नो भोट बैंक खुशी पार्नका लागि प्रयोग गरिरहेका छन् । वक्ताले छात्रवृत्ति जेहेनदार र आरक्षित वर्गका लागि हुनुपर्नेमा चार तले घर भएका र धनाढ्य परिवारका सन्तानले पाइरहेको बताए । उनले निजी विद्यालयहरूलाई दबाब, डर र धम्की दिएर छात्रवृत्ति दिन बाध्य पारिएको गुनासो पनि गरे ।

## बीरगञ्ज महानगरद्वारा......

छात्रवृत्तिको व्यवस्था गरिएको छ । निजी विद्यालयले आफ्ना विद्यार्थी संख्याको १० प्रतिशत कोटामा छात्रवृत्ति प्रदान गर्नुपर्ने नियम रहेको छ । यस परीक्षामा सफल हुने विद्यार्थीहरूलाई क्लस्टरअनुसार सिफारिस गरिनेछ । सामुदायिक विद्यालयमा पढेका र वीरगन्जका स्थायी बासिन्दा रहेका विद्यार्थीलाई विशेष प्राथमिकता दिइएको छ । यसका साथै, आरक्षण कोटामा महिला, दलित, आदिवासी, अपाङ्गता भएका व्यक्ति, शहीद परिवार, र मधेश आन्दोलनका घाइतेका बालबालिकाहरूलाई पनि समावेश गरिएको छ । महानगरपालिकाले केही दिनभित्रै परीक्षाको नतिजा सार्वजनिक गर्ने तयारी गरिरहेको छ । नतिजा प्रकाशन भएपछि, छात्रवृत्ति पाउने विद्यार्थीहरूलाई सम्बन्धित विद्यालयमा भर्नाका लागि आवश्यक प्रशासनिक प्रक्रिया सुरु गरिनेछ ।

## गौर हत्याकाण्ड :................

बल्ल न्यायको आशा पलाएको छ ।" घटनापछि उपचारमा लाखौं ऋणमा डुबेका उनी अहिले पनि त्रिवि शिक्षण अस्पताल र नर्भिक अस्पतालमा उपचाररत छन् । घटनामा मारिएका सरमुजवा-६ का नरधेश्वर उपाध्यायकी श्रीमती रुपसागर उपाध्याय पनि लामो समयदेखि न्यायका लागि संघर्ष गर्दै आएकी छन् । उनी गौर हत्याकाण्ड संघर्ष समितिको संयोजक हुन् । रुपसागर भन्छिन्, "ढिलो भए पनि सर्वोच्चको आदेशले अनुसन्धानको ढोका खोलिदिएको छ ।" गौर हत्याकाण्डमा संलग्न भन्दै दर्ता भएको कर्तव्य ज्यान मुद्दाको फाइल जिल्ला प्रहरीले १८ वर्षदेखि "माथिको आदेश छैन" भन्दै थन्क्याएर राखेको थियो । सो अवधिमा २४ जना एसपी फेरिए पनि अनुसन्धान अघि बढेन ।

## लिपुलेकबारे चुप..................

नातागोता र विश्वासपात्रलाई प्राथमिकता दिइएको आरोप लगाउँदै, कार्यसम्पादन मूल्याङ्कन गर्ने बेला आएको बताए । उनले प्रधानमन्त्री केपी शर्मा ओलीले विपक्षमा हुँदा 'फिर्ता ल्याउने विषय हो, समस्या होइन' भनेको स्मरण गर्दै, अहिले भारत-चीन भ्रमणको चर्चा भइरहेका

# स्वास्थ्य

## कसैको प्रेममा पर्दा शरीरमा के कस्ता परिवर्तन देखिन्छन् ?



प्रेम, त्यो उत्साहपूर्ण अनुभूति हो जसले हिजोभन्दा आजको दिन प्रिय बनाउन सक्छ । प्रेमिल भावमा डुबेपछि सोच्ने तरिका, अनुभव गर्ने तरिका, आफूलाई मनपर्ने, मन नपर्ने र आफ्नो विचारधारा प्रेमको आवास गराउने प्रेमी वा प्रेमिकातर्फ पग्लिंदै जान्छ । त्यो भावनात्मक अनुभवमा मात्र सीमित रहँदैन । जब मायाको तीर प्रहार हुन्छ, हाम्रो शरीरभित्र शारीरिक प्रतिक्रियाहरूको एक उल्लेखनीय शृंखला सुरु हुन्छ । **मस्तिष्क, रसायन र हर्मोन** शक्तिशाली न्यूरो रसायन प्रवाहदेखि लिएर मुटुको गति र श्वासप्रश्वासको लयसम्म परिवर्तनहरू ल्याउँछन् । यसको मतलब प्रेममा हुँदा जैविक प्रक्रियाहरूबीच जटिल अन्तरक्रिया हुन थाल्छ । मनोवैज्ञानिक गुरलिन बरुआ भन्छिन्, 'जब व्यक्तिमा प्रेमको भावना जोडिन्छ, तब वास्तवमा मस्तिष्क नै हो, जसले अधिकांश परिवर्तनहरू ल्याउँछ । तर हामीलाई लाग्छ त्यो काम मुटुको हो । 'हाम्रो मस्तिष्कले डोपामाइन र अक्सिटोसिन लगायत रसायनहरूको ककटेल निकाल्छ, जसले प्रेमप्रति हाम्रो भावनात्मक र शारीरिक प्रतिक्रियाहरूलाई आकार दिन र आनन्द र मीठो पीडासँग सम्बन्धित भागहरू सक्रिय गर्न महत्त्वपूर्ण भूमिका खेल्छ ।' यस्ता रसायनिक गतिविधिले शारीरिक र मनोवैज्ञानिक प्रभाव पार्छ । हार्बर्ड मेडिकल स्कुलमा प्रकाशित एक आलेखअनुसार प्रेममा पर्दा भावनाहरु एक किसिमको अलग्गै उचाइमा पुग्छन्, तनाव कम हुन्छ र मनपर्ने पार्टनरको सामीप्यबारे दिमागले कल्पिन्छ । यी रासायनिक परिवर्तनले गर्दा प्रेम शारीरिक संवेदनामा पनि प्रकट हुन्छ । जस्तै, दुईबीच सामीप्य बसेको कल्पिएर नै मन बेचैन हुने, मुटु ढुकढुक हुने र ओठमा मीठो मुस्कान आउने हुन्छ । शारीरिक सामीप्य जस्तै, हात समाउने, घण्टौं गफ, आँखामा गहिरिनु, अंकमाल र चुम्बन गर्दा वा त्यस्ता पल सम्झिंदा पनि अक्सिटोसिन हर्मोन रिलिज हुन्छ, जसलाई मायाको हर्मोन पनि भनिन्छ । जसले आफ्नो पार्टनरप्रति विश्वास, मधुरता र सुरक्षाको प्रत्याभूति गराउँछ । **मायामा पर्दा न्युरोट्रान्समिटर र हर्मोनले भावना र व्यवहारलाई कसरी परिवर्तन गर्छ ?** हर्मोनरोग विषेशज्ञ डा. विनय राउतका अनुसार जब प्रेम दुईबीच सुरुवात हुन्छ, तब न्युरोट्रान्समिटर र हर्मोन डोपामाइन, अक्सिटोसिन र सेरोटोनिन मिलेर हाम्रो माया र व्यवहारलाई आकारप्रकार दिन थाल्छन् । पहिलोपटक प्रेममा पर्दा दिमागको १२ भागबाट डोपामाइन, अक्सिटोसिन र एन्ड्रोलिन रिलिज हुन्छ । जसकारण कोही मायामा परेको छ भने ।

# संघीयताको मुख्य समस्या संघमै छ : महामन्त्री थापा

***काठमाडौं,०६ भदौ ।***

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले संघीयताको सबैभन्दा ठूलो चुनौती प्रदेश नभई संघ सरकारमै रहेको टिप्पणी गरेका छन् । शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा उनले देश संघीय संरचनामा प्रवेश गरिसक्दा पनि संघीय सरकार अझै पुरानो केन्द्रीकृत सोचमै अड्किएको बताए । "जिल्ला समन्वय समिति खारेज गर्न आवाज उठ्छ, तर संघीयताको मूल समस्या प्रदेश होइन, संघ नै हो । संघीयता कार्यान्वयन भएको वर्षौं भइसक्दा पनि केन्द्र अझै संघीयतामा ढलेको छैन," थापाले भने । उनले कांग्रेस र एमालेले मिलेर सरकार बनाउँदा संविधान संशोधनलाई पहिलो प्राथमिकतामा राखेको भन्दै अब त्यसबारे बहसलाई



अघि बढाउनुपर्नेमा जोड दिए । "संविधान संशोधनमा संख्या, बहाना भनेर पछि हट्न पाइँदैन । जोखिम छ भने उठाउनैपर्छ, ठूला शक्तिले त्यस्तो साहस देखाउनुपर्छ," थापाको भनाइ छ । महामन्त्री थापाले संसदलाई अझ समावेशी बनाउने, पाँच वर्षसम्म एउटै दलले स्थिर सरकार सञ्चालन गर्न सक्ने व्यवस्था गर्नुपर्ने र न्यायपालिकाबारे समेत गम्भीर छलफल आवश्यक भएको बताए ।

# नेकपा एमालेका महासचिव पोखरेलले गौर घटनामा प्रभु साहको भूमिकामाथि प्रश्न उठाए

***जनकपुर,०६ भदौ ।***

नेकपा एमालेका महासचिव शंकर पोखरेलले गौर हत्याकाण्डको अनुसन्धानमा तत्कालीन माओवादी नेता प्रभु साहको भूमिकामाथि गम्भीर प्रश्न उठाएका छन् । बर्दिवासमा एमाले मधेस प्रदेश कमिटीले आयोजना गरेको विधान संशोधन सुझाव संकलन कार्यक्रमलाई सम्बोधन गर्दै उनले हिंसा भड्काउन मुख्य भूमिका खेलेका साहमाथि कडा अनुसन्धान र कारबाहीको माग गरे । सर्वोच्च अदालतको आदेशपछि घटनाको अनुसन्धान अघि बढ्नु स्वाभाविक प्रक्रिया भएको बताउँदै पोखरेलले दोषीले कारबाही भोग्नुपर्ने र निर्दोषले नडराए हुने बताए । उनले यस घटनामा एमालेको कुनै संलग्नता नरहेको दाबी पनि गरे । पोखरेलले घटनाका दिन माओवादी र मधेसी फोरमले आ-आफ्नो कार्यक्रम राखेको




अवस्थामा प्रभु साह पक्षका नेताहरूले उत्तेजना फैलाएको आरोप लगाए । 'यदि प्रभु साहले जिम्मेवार नेताको भूमिका निर्वाह गरेको भए, त्यो दिन गौरमा हिंसा हुने थिएन,' उनले भने, 'तर उनले उल्टो कार्यकर्तालाई भिडमा पठाएर उत्तेजना फैलाए, जुन कुनै जिम्मेवार नेताको कदम हुन सक्दैन ।' महासचिव पोखरेलले एमाले शान्ति र संवादको पक्षमा रहेको र प्रतिशोधको राजनीति नगर्ने बताए । यद्यपि, समाजमा अस्थिरता र हिंसा फैलाउने प्रयास गर्ने जो कोहीमाथि पनि अनुसन्धान हुनुपर्ने उनको भनाइ थियो ।

एमाले मधेस प्रदेश कमिटीद्वारा आयोजित यस कार्यक्रममा प्रदेश अध्यक्ष चन्देश्वर मण्डल, केन्द्रीय सचिव रघुवीर महासेठ, पोलिटब्युरो सदस्य सुमन प्याकुरेल लगायतका नेताहरूको उपस्थिति थियो ।

# रौतहटका किसान लाइनमा बसे पनि मल नपाएर खाली हात फर्किँदै

***रौतहट,०६ भदौ ।***

रौतहटका किसानहरू मलको अभावका कारण खेतीमा समस्या भोगिरहेका छन् । चन्द्रपुर-२ का शान्ता सिंजाली मगरले समयमा मल नपाउँदा खेतमा राम्रोसँग खेती गर्न नसकेको गुनासो व्यक्त गरे । किसानहरूका अनुसार युरिया र डिएपी मल आवश्यक समयमा उपलब्ध नहुँदा खेती प्रभावित भइरहेको छ । डिलरहरूले मल लुकाएर महँगोमा बेच्ने, स्थानीय सरकार र सम्बन्धित निकायबाट उचित अनुगमन नहुनु जस्ता कारणले दैनिक रूपमा किसानहरू लाइनमा बसेर पनि खाली हात फर्किन बाध्य छन् । गरुडा-१ र-५ का कृषि सहकारी संस्थाले महँगो मूल्यमा मल वितरण गरेपछि स्थानीयले सडक अवरुद्ध गर्दै विरोध जनाएका थिए । केही स्थानमा किसानहरूले अभाव भएको मल सर्लाहीबाट ल्याउने



प्रयाससमेत गरेका थिए । रौतहटमा ६५,९६९ हेक्टर खेतीयोग्य जमिन रहेकोमा ३५ हजार हेक्टरमा धान रोपाइँ हुने गरेको कृषि ज्ञान केन्द्रको तथ्यांकले देखाउँछ । बाली संरक्षण अधिकृत सरोज मण्डलका अनुसार धान खेतीको समयमा १० हजार मेट्रिक टन युरिया र ८ हजार मेट्रिक टन डिएपी आवश्यक छ ।स्थानीय तह र कृषि शाखाले डिलरको अनुगमन, स्टक र वितरणमा ध्यान दिँदै आएको भए पनि मलको आपूर्ति पर्याप्त नभएको कृषकहरूको गुनासो छ । कृषि सामग्री कम्पनी लिमिटेड चन्द्रनिगाहपुर र साल्ट ट्रेडिङ्ग कम्पनी गौरले आवश्यक डिलर मार्फत मलको व्यवस्था नगर्दा अभाव बढेको बताइएको छ ।मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जिल्लागत खेतीयोग्य जमिनको आधारमा मलको कोटा निर्धारण गर्छ भने स्थानीय तहले आफ्ना सहकारी संस्थालाई वितरण गर्ने जिम्मेवारी लिएका छन् ।

# रक्सौलमा भारतीय भूमि पत्तन प्राधिकरण र लायन्स क्लबको संयुक्त नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न

***बीरगन्ज,०६ भदौ ।***

रक्सौल शहरको आईसीपी परिसरमा भारतीय भूमि पत्तन प्राधिकरण रक्सौल तथा लायन्स क्लब अफ रक्सौलको संयुक्त तत्वावधानमा एसआरपी मेमोरियल अस्पताल रक्सौलको सौजन्यमा नि:शुल्क स्वास्थ्य शिविर आयोजना गरिएको छ । निदेशक तथा प्रमुख चिकित्सक डा. सुजीत कुमारको नेतृत्वमा सम्पन्न शिविरमा २५० भन्दा बढी व्यक्तिहरूको नि:शुल्क स्वास्थ्य परीक्षण गरिएको थियो । यस अवसरमा एसआरपी अस्पतालका निर्देशक डा. सुजीत कुमारले भने, "आजको भागदौडपूर्ण जीवनशैलीमा मानिसहरू प्राय: आफ्नै स्वास्थ्यप्रति लापरवाह छन् । उच्च रक्तचाप, मधुमेहजस्ता रोगहरू तीव्र रूपमा बढिरहेका छन् । त्यसैले हामी सबै जागरूक हुनुपर्छ र अरुलाई पनि सचेत बनाउनुपर्छ । यदि समयमै परीक्षण र जीवनशैलीमा परिवर्तन गर्न सके यसलाई नियन्त्रण गर्न सकिन्छ ।"उनले थपे, मधुमेह वा रक्तचाप लागेपछि कार्यक्षमता घट्ने मात्र नभई शरीर गम्भीर रोगको जोखिममा पर्न सक्ने भएकाले नियमित स्वास्थ्य परीक्षण, सन्तुलित खानपान, व्यायाम र समयमै उपचार नै सबैभन्दा सरल बचावको उपाय हो । शिविरमा उपस्थित लायन्स क्लब अफ रक्सौलका अध्यक्ष बिमल कुमार सर्राफ र कोषाध्यक्ष मोहम्मद निजामुद्दिनले संयुक्त रूपमा बताए, "क्लबले सामाजिक सेवाका साथै स्वास्थ्यप्रति सचेतना जगाउन यस्ता नि:शुल्क स्वास्थ्य शिविर निरन्तर आयोजना गर्दै आएको छ ।" स्वास्थ्य परीक्षणका क्रममा धेरै व्यक्तिहरूमा ब्लड सुगर र ब्लड प्रेसरका लक्षण देखिएका थिए । उनीहरूलाई विशेषज्ञ चिकित्सकसँग भेट्न सल्लाह दिइयो तथा आवश्यक नि:शुल्क औषधि पनि वितरण गरियो । यस अवसरमा एसआरपी अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले युरिक एसिड, ब्लड सुगर, बीपी आदिको ।

# बीरगन्जमा समुदाय र प्रहरीबीच मैत्रीपूर्ण फुटबल खेल सम्पन्न

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०६ भदौ ।***

सामाजिक एकता र आपसी समझदारी बढाउने उद्देश्यले वीरगन्जमा सामुदायिक प्रहरी पदाधिकारी, कर्मचारी र उद्योगी-व्यवसायीबीच एक मैत्रीपूर्ण फुटबल खेल सम्पन्न भएको छ । कुशेऔंसी अर्थात् बुबाको मुख हेर्ने दिनको अवसरमा आयोजित यो खेलले समुदाय र सुरक्षाकर्मीबीचको सम्बन्धलाई अझ प्रगाढ बनाएको छ । ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र र ग्रीन सिटी सामुदायिक सेवा केन्द्र आदर्श नगर, पर्साको संयुक्त आयोजनामा भएको यस खेल वीरगन्ज महानगरपालिका-१० स्थित आदर्श रंगशालामा सम्पन्न भयो । खेलको मुख्य उद्देश्य सहकार्यको भावना विकास गर्नु र आपसी विश्वास बढाउनु रहेको थियो । खेल हेर्नका लागि विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरूको उपस्थिति थियो, जसले कार्यक्रममा थप उत्साह थपेको थियो । कार्यक्रममा



जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख गणेश अर्याल, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रमुख एसपी गौतम मिश्र, उद्योग वाणिज्य संघ वीरगन्जका अध्यक्ष हरि गौतम र वीरगन्जस्थित भारतीय दूतावासका राजदूत डी.एस. मिना लगायतका अतिथिहरूको उपस्थिति थियो ।

# मुख्यमन्त्री सिंह मलेसिया भ्रमणमा

***जनकपुर,०६ भदौ ।***

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह एक साता मलेसिया जाने भएका छन् । उनका सचिवालयका अनुसार शुक्रबार साँझ सुरु हुने भ्रमणको क्रममा सिंह त्यहाँ रहेका नेपाली कामदार, विशेषगरी मधेश प्रदेशका नागरिकसँग प्रत्यक्ष भेटघाट गर्ने कार्यक्रममा सहभागी हुनेछन् । भ्रमण अवधिमा उनले वैदेशिक रोजगारीमा रहेका कामदारहरूको अवस्था, समस्या र अवसरबारे जानकारी लिनेछन् र विभिन्न औपचारिक तथा अनौपचारिक कार्यक्रममा सहभागिता जनाउने तयारी छ । मुख्यमन्त्रीको अनुपस्थितिमा भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी दिइएको छ ।


डेंगीबाट कसरी बच्ने ?

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अवलम्बन गरौं ।
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल–ढोकामा जाली लगाऔं ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना–काप्चामा कीटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्याङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं ।



कालिकामाई गाँउपालिका कार्यपालिकाको कार्यालय
कालिकामाई , पर्सा



जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।

प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।

पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।

विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

करैयामाई गाँउपालिकाको कार्यालय,बारा